# सिलीचोङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## ताम्कु,संखुवासभा
### कोशी प्रदेश नेपाल

सिलीचोङ गाउँपालिकाको

**सामाजिक परीक्षण प्रतिवेदन**

जेष्ठ २०८२

*प्रतिवेदन पेश गर्ने संस्था*

जेनेरेसन डेभलप्मेन्ट सोलुसन प्रा लि, काठमाडौं

# विषय सूची


खण्ड : १ ........ 4

१.१ पृष्ठभुमी ........ 4

१.२ सामाजिक परीक्षणको उद्‌देश्य ........ 4

१.३ सामाजिक परीक्षणका आधारहरू........ 5

१.४ सामाजिक परीक्षण प्रक्रिया ........ 5

१.५ सामाजिक परीक्षणका लक्ष्य........ 6

१.६ सामाजिक परीक्षणका सीमा........ 6

१.७ सामाजिक परीक्षण कार्यसञ्चालन प्रक्रिया........ 7

१.८ सिलीचोङ गाउँपालिकाको संक्षिप्त परिचय........ 7

१.९. सिलीचोङ गाउँपालिकाको वस्तुस्थिती विवरण........ 8

खण्ड : २........ 11

२.१ गाउँपालिकाको सोच लक्ष्य र उद्‌देश्य ........ 11

२.२ उपलब्धीहरु........ 12

२.३ गाउँपालिकाको विकासका प्राथमिकता क्षेत्रहरु ........ 12

२.४ आ. व. ०८०।०८१ मा शाखागत रूपमा सम्पन्न क्रियाकलाप........ 13

२.५. बैठक सम्बन्धी विवरण ........ 14

२.६. आ. व. ०८०।८१ मा तर्जुमा भएका कानूनहरु........ 15

२.७. सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा........ 15

२.८ सिलीचोङ गाउँपालिकाको स्वीकृत दरवन्दी र पदपूर्तिको अवस्था........ 22

२.९ सामाजिक जिम्मेवारीका क्षेत्रमा सिलीचोङ गाउँपालिकाका सबल पक्षहरू ........ 34

२.१० सामाजिक जिम्मेवारीका क्षेत्रमा सिलीचोङ गाउँपालिकाका कमजोर पक्षहरू........ 36

२.११ सामाजिक जिम्मेवारीका क्षेत्रमा सिलीचोङ गाउँपालिकाले गरेका प्रयासहरू........ 36


Generation Development Solution Pvt. Ltd. Estd: 2079

२.१२ सामाजिक जिम्मेवारीका क्षेत्रमा सिलीचोङ गाउँपालिकालाई सुधारका लागि सुझाव ....................................37

खण्ड : ३ ........................................................................................................................................38

३.१ गाउँपालिकाले सम्पादन गरेका कार्यहरुको लेखाजोखा .........................................................................38

३.२ गाउँपालिकाले सम्पन्न गरेका मूख्य कार्यक्रमहरुको बिषय क्षेत्रगत प्रगति ....................................................39

३.३ गाउँपालिकाले गत आ.व.मा सम्पन्न गरेका मूख्य कार्यक्रमहरुको कार्यक्रमगत प्रगति ..................................41

३.४ वडागत रुपमा गत आ.व.मा सम्पन्न मूख्य कार्यक्रमहरुको प्रगति विवरण ..............................................44

३.५ गाउँपालिकाले सम्पादन गरेका प्रमुख कार्यहरु .........................................................................................48

खण्ड : ४ ........................................................................................................................................49

४.१ सामाजिक जिम्मेवारीका क्षेत्रमा सिलीचोङ गाउँपालिकाले हाँसिल गरेका उपलब्धिहरु ...................................49

४.२ समस्याहरू ............................................................................................................................50

४.३ आगामी दिनमा चाल्नुपर्ने कदमहरु .........................................................................................................50

खण्ड : ५ ........................................................................................................................................52

५.१ निष्कर्ष ...................................................................................................................................52

५.२ सुझाव ....................................................................................................................................52

अनुसुची १. सामाजिक परीक्षण कार्यक्रमसँग सम्बन्धित केहि झलकहरु ..........................................................54

अनुसुची २. सामाजिक परीक्षण मस्यौदा प्रस्तुतिकरण कार्यक्रमको उपस्थिती विवरण ........................................59

Generation Development Solution Pvt. Ltd.
G D S
2079

**खण्ड : १**

## १.१ पृष्ठभुमी

सामाजिक परीक्षण स्थानीय तहको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक, सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्याङ्कन कार्यको लागि गरिन्छ । स्थानीय स्तरमा सम्पन्न गरेको कामहरुलाई जवाफदेही र पारदर्शी बनाउनका लागि सामाजिक परीक्षण कार्यविधि २०६७ लागु भएको छ । यसलाई समयानुकुल र अझ आफ्नो पालिकाको वस्तुस्थितिसँग मिल्दोजुल्दो गराउनका लागि स्थानीय तहले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ को उपदफा (५) को प्रयोजनका लागि सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि जारी गर्नसक्ने प्रावधान छ । जवाफदेहिता प्रवर्द्धनका बिभिन्न उपायहरूमध्ये सामाजिक परीक्षणलाइ पनि एक प्रमुख उपकरणको रूपमा हेरिन्छ । स्थानीय तहले वर्षको एक पटक अनिवार्य रूपमा सामाजिक परीक्षण गर्नुपर्ने ब्यवस्था रहेको छ । स्थानीय तहहरूले आर्थिक वर्ष समाप्त भएको प्रथम चौमासिक भित्र सामाजिक परीक्षण गरिसक्नुपर्ने कानुनी प्रावधान रहेको छ । स्थानीय तहबाट भए गरेका कामहरूले सामाजिक उपलब्धी कति हासिल भए, सामाजिक परिवर्तन, जनचासो तथा सहभागिता, प्रक्रियागत पक्ष र पारदर्शिता जस्ता विविध विषयको विश्लेषणात्मक प्रभावसम्मको अवस्थाको आँकलन गर्न सामाजिक परीक्षण विधि धेरै प्रभावकारी हुन्छ । सामाजिक परीक्षणको सैद्धान्तिक पक्षको अनुशरण एक महत्वपूर्ण पाटो हो । यसको सफल कार्यान्वयनले आफ्नो सामाजिक विकासको उत्तरदायित्व पुरा गर्नमा स्थानीय तहलाई टेवा पुऱ्याउँदछ । यसै परिप्रेक्षमा सिलीचोङ गाउँपालिकाको सामाजिक परीक्षण गरी यो प्रतिवेदन तयार गरिएको छ ।

## १.२ सामाजिक परीक्षणको उद्‌देश्य

सिलीचोङ गाउँपालिकाको सामाजिक उपलब्धीहरुको लेखाजोखा गरी गाउँपालिकाले आफ्नो क्षेत्रमा पुर्याएका विभिन्न विषयगत योगदानको परीक्षण तथा कार्य सम्पादनबाट प्राप्त उपलब्धीलाई मूल्यांकन गर्नु सामाजिक परीक्षणको मूख्य उद्देश्य रहेको छ । यस सामाजिक परीक्षणको अन्य उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

- योजनाको आम्दानी खर्च तथा अन्य विवरणबारे आम उपभोक्ताहरू प्रतिक्रिया लिने ।
- कार्यक्रमप्रति जनचासो वृद्धि गरी सम्बन्धित सरोकारवालाहरूको सहभागितामा वृद्धि गर्ने ।
- निर्णय प्रक्रियामा प्रजातान्त्रिक प्रक्रिया र पारदर्शिता ब्यवहार अवलम्बन गर्न गराउन सजग गराउने ।

- गाउँपालिकाको समग्र कार्यक्रमको विश्लेषण र मूल्याङ्कन गर्ने साथै यसले निर्वाह गरेको सामाजिक जिम्मेवारीको मूल्याङ्कन गर्ने ।
- नागरिक मैत्री गाउँपालिका निर्माणका लागि सेवा प्रभाहलाई थप प्रभावकारी सर्वसुलभ र भरपर्दो बनाउन समग्र कार्य सम्पादनमा सुधार ल्याउन सुझाव दिने ।
- गाउँपालिकाद्वारा सञ्चालन भए गरेका कार्यक्रमहरूको कार्यान्वयनबाट प्राप्त पृष्ठपोषणलाइ आगामी दिनमा गाउँपालिकाको कार्यसम्पादनमा मार्गनिर्देश प्राप्त गरी भए गरेका कार्यक्रमहरूको उपलब्धीको समिक्षा गर्ने ।

### १.३ सामाजिक परीक्षणका आधारहरू

सिलीचोङ गाउँपालिकाले सम्पादन गरेका कार्यहरुको लेखाजोखा तथा मूल्याङ्कन र सामाजिक उपलब्धीको अध्ययन गर्न सामाजिक परीक्षणका आधारहरूलाई निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

- सिलीचोङ गाउँ कार्यपालिका कार्यालयको सङ्गठन संरचना
- सिलीचोङ गाउँपालिकाको नीति रणनीति आगामी कार्यक्षेत्र र यसको प्रभावकारिता
- योजना, कार्यक्रम र बजेट ब्यवस्थापन
- वातावरणमैत्री विकास निर्माणमा गाउँपालिकाले अवलम्बन गरेको भूमिका
- नागरिकमैत्री सेवा प्रवाहको प्रभावकारिता तथा सेवाग्राहीको हितमा गाउँपालिकाले गरेको कार्य
- लक्षित वर्ग र समुदायको हितका लागि गाउँपालिकाले खेलेको भूमिका
- शिक्षा, स्वास्थ्य, कला, संस्कृति संरक्षण र विकासमा गाउँपालिकाले दिएको योगदान
- सरकारी नीति तथा सरोकारवालाहरूसँगको सहकार्य तथा योगदान

### १.४ सामाजिक परीक्षण प्रक्रिया

सिलीचोङ गाउँपालिकाको सामाजिक परीक्षणमा गुणात्मक र तथ्याङ्कपरक परिणाम प्राप्त गर्नका लागि विभिन्न प्रक्रियागत अनुसन्धानका साथै सामाजिक कार्य सम्पादनको स्थितिको मूल्याङ्कन र सामाजिक योगदानलाई आधार बनाएर यसैमा केन्द्रित रहँदै सामाजिक परीक्षण कार्य गरिएको छ । यसका लागि तपसिलका प्रक्रियाहरू अवलम्बन गरिएको छ ।

- समन्वय तथा संचार

- अभिमुखिकरण गोष्ठी कार्यक्रम
- कार्ययोजना निर्माण
- वडास्तरको प्रतिनिधि, कर्मचारीहरूसँग छलफल तथा कागजातको अवलोकन
- क्षेत्रगत प्रतिनिधी, उपभोक्ता समिति तथा अन्य सरोकारवालासँग छलफल
- सर्वेक्षण तथा सूचना सङ्कलन
- सरोकारवाला र मुख्य सूचनादातासँग अन्तक्रिया
- मस्यौदा बिवरण भेलामा प्रस्तुती तथा सहभागीहरूबाट सुझाव संकलन
- उपलब्धि, परिणाम र प्रभाव सहितको सामाजिक परीक्षण प्रतिवेदन तयार ।

**१.५ सामाजिक परीक्षणका लक्ष्य**

सिलीचोङ गाउँपालिकाको समग्र प्रगति विवरण, कार्यसम्पादनको अवस्था, सामाजिक योगदानमा गाउँपालिकाले खेलेको भूमिका आदिको मूल्याङ्कन सहित निम्नानुसारका लक्ष्य तय गरिएका छन् ।

- सिलीचोङ गाउँपालिकद्वारा सञ्चालित आ.व. २०८०।०८१ मा सञ्चालन गरिएका परियोजनाहरूको समग्रतामा सूक्ष्म अध्ययन तथा बिश्लेषण
- सञ्चालित परियोजनाहरूको सबल तथा कमजोर पक्षहरूको अध्ययन तथा आगामी परियोजना सञ्चालनमा मार्गनिर्देश प्रदान
- आ.व. २०८०।०८१ मा सञ्चालित परियोजनाहरूको गाउँपालिका स्तर तथा वडागत रूपमा छलफल तथा बिश्लेषण
- आ.व. २०८०।०८१ मा सञ्चालित परियोजनाहरू प्रति समुदायको सन्तुष्टिको लेखाजोखा
- सरोकारवाला पक्षहरूसँग प्रत्यक्ष छलफल तथा भेटघाट
- परियोजनासँग सम्बन्धित अभिलेखहरूको अध्ययन तथा विश्लेषण

**१.६ सामाजिक परीक्षणका सीमा**

सिलीचोङ गाउँपालिकाले आ व ०८०।०८१ मा सम्पादन गरेका कार्यहरुबाट प्राप्त उपलब्धीहरुको लेखाजोखा, मूल्यांकन तथा परीक्षणसँग मात्र यो प्रतिवेदन सम्बन्धित छ । कार्यालयबाट प्राप्त सूचना



Generation Development Solution Pvt. Ltd. Estd. 2079

अभिलेख, लक्षित सरोकारवालासँगको अन्तरवार्ता र अन्तरक्रिया, जनप्रतिनिधि तथा कर्मचारीहरूसँगको छलफल, फिल्ड अवलोकनका क्रममा पाइएको बस्तुस्थितीको तुलनात्मक विश्लेषण आदिलाई आधार मानी यो सामाजिक परीक्षण प्रतिवेदन तयार गरिएको छ ।

## १.७ सामाजिक परीक्षण कार्यसञ्चालन प्रक्रिया

- गाउँपालिकासँग सञ्चार र समन्वय गरी कार्य शुरू गरिएको
- सम्बन्धित विषयको सहजताको लागि गाउँपालिकाको विभिन्न प्रकाशन प्रतिवेदन, नीति नियम, समाचार, वेवसाइडको अध्ययन गरिएको
- गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी र वडाका जनप्रतिनिधि तथा वडाका कर्मचारीसहित सहभागी भई सामाजिक परीक्षण सम्बन्धी अभिमुखिकरण गोष्ठी सिचालन गरिएको
- जनप्रतिनिधी, कर्मचारी, उपभोक्ताहरूसँग गत आ व मा सम्पन्न परियोजनाहरूको बारेमा छलफल गरिएको
- फिल्ड स्तरबाट प्राप्त सूचनाहरुलाई लेखाजोखा तथा विश्लेषण गरिएको
- संकलित सूचना तथा अभिलेखहरूको अध्ययन, विश्लेषण गरी मस्यौदा प्रतिवेदन तयार गरिएको
- मस्यौदा प्रतिवेदन प्रस्तुतीका क्रममा प्राप्त सुझावहरु सहित समावेश गरी अन्तिम प्रतिवेदन तयार गरिएको

## १.८ सिलीचोङ गाउँपालिकाको संक्षिप्त परिचय

सिलीचोङ गाउँपालिका संखुवासभा जिल्लाको उत्तर पश्चिमी भागमा रहेको छ । यो गाउँपालिका पूर्ण रुपमा मकालु वरुण राष्ट्रिय निकुन्जको मध्यवर्ती क्षेत्रमा अवस्थित रहेको छ । सिलीचोङ गाउँपालिकाको क्षेत्रफल ५०१८९ हेक्टर (५०१.८९ वर्ग किलोमिटर) रहेको छ । यो गाउँपालिका २७°२६'०९" डिग्री उत्तरी अक्षांश देखि २७°३०'०७" डिग्री उत्तर सम्म र ८६°५६'२" डिग्री पुर्वी देशान्तर देखि ८७°११'४०" डिग्री पूर्व सम्म फैलिएको छ । यस गाउँपालिकाको पूर्वी सिमानामा संखुवासभा जिल्लाकै चिचिला गाउँपालिका, खाँदबारी नगरपालिका र मकालु गाउँपालिका, पश्चिमी सिमानामा सोलुखुम्बु जिल्लाको महाकुलुङ गाउँपालिका, उत्तरी सिमानामा मकालु गाउँपालिका र दक्षिणमा भोजपुर जिल्लाको साल्पा सिलीचो गाउँपालिका रहेका छन् ।

नेपालको राज्य पुनर्संरचनाले बि. सं. २०७३ फागुन २७ गते साविकका गाविसहरू सिसुवाखोला, बाला, माङ्तेवा, ताम्कु र याफु (वडा १ देखि ४, र वडा ९) मिलाएर यो गाउँपालिका बनाइएको हो



Generation Development Solution Pvt. Ltd. Estd. 2079

। यस गाउँपालिकामा अवस्थित रमणीय सिलीचोङ हिमालको नामबाट यस गाउँपालिकाको नामाकरण गरिएको छ । यस गाउँपालिकाको अग्लो मध्येको एक सिलीचोङ हिमाल र अन्य प्राकृतिक दृश्य अवलोकनको लागि निकै मनोरम र रमणीय रहेको छ ।

सिलीचोङ गाउँपालिका कोशी प्रदेश अन्तर्गत संखुवासभा जिल्लामा अवस्थित रहेको छ । संखुवासभा जिल्लामा रहेको ५ वटा नगरपालिका र ५ वटा गाउँपालिका गरी कूल १० स्थानीय तहहरु रहेका छन् । एक मात्र सङ्घीय निर्वाचन क्षेत्र भएको संखुवासभा जिल्लामा प्रदेश सभाका लागि २ वटा निर्वाचन क्षेत्र रहेका छन् । यो गाउँपालिका प्रदेश निर्वाचन क्षेत्र १ को क मा पर्दछ । गाउँपालिकालाई ५ वटा वडाहरुमा विभाजन गरिएको छ । गाउँपालिकाको केन्द्र वडा नं ३ ताम्कुमा रहेको छ । गाउँपालिकाको वडागत विभाजन र क्षेत्रफल सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १: गाउँपालिकाको वडा विभाजन र क्षेत्रफल

| क्र. स. | समावेश भएका साबिक गाविस | हाल कायम गरिएका वडा नं | क्षेत्रफल (वर्ग कि.मि..) |
|---|---|---|---|
| १ | सिसुवाखोला | १ | |
| २ | बाला | २ | |
| ३ | ताम्कु | ३ | |
| ४ | माङ्तेवा | ४ | |
| ५ | याफु | ५ | |
| | | जम्मा | ५०१.८९ |

*स्रोतः नेपाल सरकार नापी विभाग, २०७३*

## १.९. सिलीचोङ गाउँपालिकाको वस्तुस्थिती विवरण

यो गाउँपालिका समुन्द्री सतहबाट ४३२ मिटर (संखुवा दोभान; अरुण नदी र संखुवा खोला मिसिएको स्थान) देखि ४१५३ मिटरसम्म (सिलीचोङको चुचुरो) को उचाईमा अवस्थित छ । धरातलीय अवस्थालाई हेर्ने हो भने यस गाउँपालिका भिरालो हिमाली तथा पहाडी भूभागमा पर्दछ । यो गाउँपालिकामा अधिकांश भूभाग भिरालो रहेको छ भने थोरै मात्र भूभाग कम भिरालो र समथर रहेको पाइन्छ ।

यो गाउँपालिका प्राकृतिक हिसाबले ज्यादै धनी छ । यहाँ रहेका वन जङ्गल, नदीनाला, लगायत चराचुरुङ्गी, जीवजन्तु जडिबुटी आदिले गाउँपालिका प्राकृतिक रुपमा धेरै धनी रहेको छ ।

यो गाउँपालिकामा भू-उपयोगको हिसाबले हेर्दा वन जङ्गलको क्षेत्र कुल गाउँपालिकाको ७०% भन्दा पनि धेरै रहेको देखिन्छ । यो गाउँपालिका मकालु वरुण राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्ने

Generation Development Solution Pvt. Ltd. Estd. 2079

भएको कारणले पनि यहाँ वनको क्षेत्रफल धेरै रहेको छ । यहाँ मध्यवर्ती वन मात्र ४१ वटा रहेको छ । व्यक्तिहरूले पनि आफ्नो निजी प्रयोगका लागि निजी वन राखेका छन् तर यी वन भने आधिकारिक रूपमा दर्ता भएका छैनन् । यी मध्यवर्ती वनहरूमा मुख्य रूपमा साल, कटुस, उतिस, चिलाउने, धँगेरो, माल्टा, काभ्रो, लप्सी, रुद्राक्ष, खोटे सल्लो, बकाइनको, अमला, काफल, बाँस, जस्ता वनस्पतिहरू पाइन्छ ।

यो गाउँपालिकाको कुल जनसङ्ख्या १०२९६ रहेको छ । जसमा ५२११ (५०.६१%) पुरुष र ५०८५ (४९.३९%) महिलाको जनसङ्ख्या रहेको छ । गाउँपालिकाको सबै वडामा जनसङ्ख्याको वितरण समान किसिमको छैन । गाउँपालिकाको ५ वटै वडामा जनसङ्ख्याको वितरण फरक रहेको छ । वडा नं ३ र २ मा सबै करिब करिब समान जनसङ्ख्या क्रमशः २५९० र २५०९ रहेको छ । जुन गाउँपालिकाको कुल जनसङ्ख्याको क्रमशः १२.३% र १२.२% रहेको छ । वडा नं १ मा २३८३ र वडा नं ४ मा १८०१ जनसङ्ख्या रहेको छ । गाउँपालिकाको सबै भन्दा कम जनसङ्ख्या वडा नं ५ मा जम्मा १०१३ रहेको छ ।

तालिका २: वडाहरुको जनसङ्ख्याको वितरण

| वडा नं | पुरुष | प्रतिशत | महिला | प्रतिशत | कुल | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | १२२३ | ११.८८ | ११६० | ११.२७ | २३८३ | २३.१४ |
| २ | १२५३ | १२.१७ | १२५६ | १२.२० | २५०९ | २४.३७ |
| ३ | १३१८ | १२.८० | १२७२ | १२.३५ | २५९० | २५.१६ |
| ४ | ८९३ | ८.६७ | ९०८ | ८.८२ | १८०१ | १७.४९ |
| ५ | ५२४ | ५.०९ | ४८९ | ४.७५ | १०१३ | ९.८४ |
| | ५२११ | ५०.६१ | ५०८५ | ४९.३९ | १०२९६ | १०० |

स्रोतः राष्ट्रिय जनगणना , २०७८

गाउँपालिकामा रहेका कूल १०२९६ जनसङ्ख्यामध्ये १५ देखि १९ वर्ष उमेर समूहको जनसङ्ख्या सबैभन्दा बढी ११.०१ प्रतिशत, दोस्रोमा १० देखि १४ बर्ष उमेर समूहका ९.४१ प्रतिशत र तेस्रोमा ०५ देखि ०९ वर्ष उमेर समूहका ८.३३ प्रतिशत रहेको छ । समग्र तथ्याङ्कलाई विश्लेषण गर्दा बर्ष देखि ३४ वर्ष उमेर समूह भन्दा माथिको उमेर समूह बढ्दै जाँदा जनसङ्ख्या घट्दै गइरहेको छ भने ४ वर्ष भन्दा कम उमेर समूहको जनसङ्ख्या थोरै देखिन्छ ।

यस गाउँपालिकामा आर्थिक रूपले सक्रिय (१५ देखि ६० वर्ष उमेर समूह) जनसङ्ख्या कुल जनसङ्ख्याको ६०.८८ प्रतिशत रहेको छ । आर्थिक रूपले सक्रिय जनसङ्ख्यामध्ये पनि ३० देखि



Generation Development Solution Pvt. Ltd. Estd. 2079

३४ वर्ष उमेर समूहको जनसङ्ख्या सबै भन्दा धेरै ९.३६ प्रतिशत रहेको छ भने ५५ - ५९ वर्ष उमेर समूहको जनसङ्ख्या सबै भन्दा कम ४.१९ प्रतिशत रहेको छ ।

गाउँपालिकामा करिब ८०.९% भन्दा बढी जनसङ्ख्या साक्षर रहेको देखिन्छ । यो भनेको कुल राष्ट्रिय स्तर (७६.२%) को भन्दा करिब ४.७% ले बढी हुन आउँछ । पुरुष साक्षरता दर ८७.०१ र महिला साक्षरता दर ७४.६% रहेको छ । यसले गाउँपालिकाको शैक्षिक स्तर राष्ट्रिय स्तरको भन्दा धेरै देखिन्छ ।

यो गाउँपालिकाको धेरै मानिसहरूको मुख्य पेसा कृषि तथा पशुपालन हो । यहाँका ६५.४८ प्रतिशत मानिसहरू कृषि तथा पशुपालन गर्छन् । यहाँको मानिसको सहायक पेसा ज्याला/मजदूरी, वैदेशिक रोजगार, नोकरी/जागिर, उद्योग तथा व्यापार हो ।

गाउँपालिकामा करिब ८०.९% भन्दा बढी जनसङ्ख्या साक्षर रहेको देखिन्छ । यो भनेको कुल राष्ट्रिय स्तर (७६.२%) को भन्दा करिब ४.७% ले बढी हुन आउँछ । पुरुष साक्षरता दर ८७.०१ र महिला साक्षरता दर ७४.६% रहेको छ । यसले गाउँपालिकाको शैक्षिक स्तर राष्ट्रिय स्तरको भन्दा धेरै देखिन्छ ।

यस गाउँपालिकामा ३७ वटा सामुदायिक विद्यालयहरू सञ्चालनमा रहेका छन् । कुल विद्यालयमा २८ वटा आधारभूत र ७ वटा माध्यामिक विद्यालय रहेका छन् भने हाल २ वटा विद्यालयमा न्यून विद्यार्थी संख्याका कारण निस्कृय जस्तै रहको देखिन्छ ।

सिलीचोङ गाउँपालिकामा रहेका प्रमुख स्वास्थ्य सेवा प्रदायक संस्थाहरुमा प्राथमिक स्वास्थ्य केन्द्र १, स्वास्थ्य चौकी ४ र आयुर्वेद औषधालय १ वटा रहेका छन् ।

Generation Development Solution Pvt. Ltd.
Estd.
2079

**खण्ड : २**

## २.१ गाउँपालिकाको सोच लक्ष्य र उद्देश्य

सिलीचोङ गाउँपालिकाको आ व ०८०।८१ को बार्षिक नीति तथा कार्यक्रममा उल्लेखित गाउँपालिकाको सोच लक्ष्य तथा उद्देश्यहरुले सिलीचोङ गाउँपालिकाको समग्र विकासलाई अगाडी बढाउन पहल गरेको देखिन्छ ।

### २.१.१. सोच

समृद्ध सिलीचोङ गाउँपालिकाको आधार
कृषि, पर्यटन, रोजगार सहितको गुणस्तरीय पूर्वाधार ।

### २.१.२. लक्ष्य

पूर्वाधार विकास, व्यवशायिक कृषि, गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य सेवा, पर्यटन र उद्यमशिलताको विकासबाट समृद्ध सिलीचोङ गाउँपालिका निर्माण गर्ने ।

### २.१.३. उद्देश्य

- गाउँपालिकाको केन्द्रदेखि सबै वडा कार्यालय जोड्ने सडकलाई बाह्रै महिना संचालन हुने अवस्था निर्माण गर्नुका साथै वडा कार्यालयहरुबाट टोलबस्तीसम्म आम उपभोक्ताको प्रतक्ष्य सहभागितामा सडक सञ्जाल निर्माण तथा स्तरउन्नती गर्ने ।
- यसक्षेत्रको माटो सुहाउँदो कृषि प्रणालीको विकास गरी प्रत्येक वडामा कृषि तथा पशु सेवा प्राविधिकहरुको ब्यवस्थापन, कृषि उत्पादनको बृद्धि, बजारिकरण तथा विस्तारीकरण मार्फत गरिवी न्यूनीकरणमा जोड दिने तथा कृषिमा परनिर्भर संस्कृतीको अन्त्य गर्दै आत्मनिर्भर बन्न सबैलाई अग्रसर गराउने ।
- सूचना प्रविधीको प्रयोग गरी गुणस्तरीय प्रशासनिक, प्राविधिक तथा शैक्षिक सेवाको माध्यमबाट सुशिक्षित समाज निर्माणमा सबै बर्ग, क्षेत्र तथा समुदायसँग हातेमालो गर्दै अगाडी बढ्ने ।
- स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउँदै सबै नागरिककोलागि पहुँचयोग्य र सर्वसुलभ बनाउने ।
- सीपमुलक तालिम र ज्ञानको माध्यमबाट दक्ष जनशक्ति विकास गरी रोजगारीका अवसरहरु सिर्जना गर्ने ।
- सेवा प्रवाहलाई विद्युतिय प्रणालीमा आवद्ध गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्याउने ।
- सहकार्य र सहभावको संस्कृतीलाई मूल मन्त्रको रुपमा अंगिकार गरी विकासमा जनसहभागिता र साझेदारीको अभ्यासलाई अवलम्बन गर्दै सिलीचोङ गाउँपालिकालाई नमुना गाउँपालिकाको स्तरमा लैजाने ।
- खेम्पालुङ गुफालाई पर्यटकीय गन्तव्यको रुपमा विकास गरिने ।

Generation Development Solution Pvt. Ltd. 2079

## २.२ उपलब्धीहरु

यस गाउँपालिकाको सामाजिक परीक्षण गर्ने क्रममा सामाजिक दायित्व निर्वाह गर्न गाउँपालिकाले हाँसिल गरेका उपलब्धिहरुलाई निम्नानुसार बुँदागत रूपमा उल्लेख गरिएको छ ।

- गाउँपालिकाले आफ्नो क्रियाकलापलाई कार्यान्वयन गर्दा सन्तुलित विकासको मोडललाई आत्मसात गरी क्रियाकलापको कार्यान्वयन गरेको छ
- गाउँपालिकाले राज्यको निर्देशनअनुसार विभिन्न विषयगत शीर्षकहरूका कार्यविधिहरूको निर्माण तथा कार्यान्वयन गरीसकेको र नभएको कार्यविधिहरू निर्माण गर्ने प्रकृयामा रहेको छ
- कार्यविधिलाई प्रभावकारी कार्यान्वयनतर्फ द्रुत गतिमा अग्रसर रहेको छ
- कृषि तथा पर्यटन विकासका लागि गाउँपालिकाले प्राथमिकता दिएर कार्यहरू गरिरहेको छ
- प्राथमिक स्वास्थ्य केन्द्र १, स्वास्थ्य चौकी ३ वटा, आधारभूत स्वास्थ्य केन्द्र १ तथा सुरक्षित प्रसुति केन्द्र ७ वटा मार्फत समुदायलाई स्वास्थ्य सेवा प्रदान गरिरहेको
- सामुदायिक स्वास्थ्य ईकाई ९, गाउँघर क्लिनिक २०, खोप क्लिनिक २०, सुरक्षित गर्भपतन सेवा केन्द्र १ वटा मार्फत र ४० जना महिला स्वास्थ्य स्वयम् सेविकाहरू मार्फत पनि समुदाय स्तरमा स्वास्थ्य सेवा प्रवाह गरिरहेको
- पेश्की फछ्र्यौटका लागि नीति, नियमलाई कडाईका साथ कार्यान्वयनका गाउँपालिका सचेत रहेको
- बेरूजु रकमलाई शून्यमा झार्ने प्रयास गाउँपालिका प्रशासन सकृय रहेको
- गाउँपालिकाले लैससास परीक्षण गर्ने गरेको
- गाउँपालिकाले विकास आयोजनाहरू सञ्चालन गर्दा स्थानीय ऐन, कानुन तथा नियमावली तथा आर्थिक प्रशासन नियमावलीहरूलाई ध्यानमा राखेर कार्यसम्पादन गर्ने गरेको पाइयो

## २.३ गाउँपालिकाको विकासका प्राथमिकता क्षेत्रहरु

गाउँपालिकाको समग्र विकासको लागि गाउँपालिकाको सबै क्षेत्रहरुको विकासलाई सम्बोधन गर्नु पर्दछ भन्ने मान्यता अनुरूप पहिचान भएका समस्या तथा सम्भावना र उपलब्ध अवसरहरूका आधारमा समावेशी र सन्तुलित विकासका लागि निम्नानुसारका विषय क्षेत्रहरूलाई प्राथमिकतामा दिएको पाइयो ।



Generation Development Solution Pvt. Ltd. Estd. 2079

- सडक तथा यातायात
- खानेपानी
- कृषि तथा पशुपालन
- पर्यटन
- सिंचाई
- उर्जा
- स्वास्थ्य तथा शिक्षा
- वन पैदावार र जडिबुटी संकलन तथा प्रशोधन
- खेलकुद
- सूचना प्रविधी तथा संचार
- गाउँपालिकाको संस्थागत विकास

**२.४ आ. व. ०८०।०८१ मा शाखागत रूपमा सम्पन्न क्रियाकलाप**

| क सं | शाखाको नाम | जम्मा योजना तथा कार्यक्रम संख्या | कार्यान्वयन भएका योजना तथा कार्यक्रम संख्या | प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | योजना | १२२ | १२१ | ९९.१८ | |
| २ | कार्यक्रम | ३ | ३ | १०० | |
| ३ | सहकारी | १ | १ | १०० | |
| ४ | न्यायिक समिति | ४ | ४ | १०० | |
| ५ | महिला वालवालिका | ५ | ५ | १०० | |
| ६ | सूचना प्रविधी | २ | २ | १०० | |
| ७ | भौतिक पूर्वाधार | १५ | १५ | १०० | |
| ८ | खानेपानी | ५ | ५ | १०० | |
| ९ | जिन्सी | ४ | ४ | १०० | |
| १० | रोजगार | १५ | १५ | १०० | |
| ११ | अपांगता रोकथाम | २४ | १७ | ७०.८४ | |
| १२ | कृषि | १२ | ११ | ११.६७ | |
| १३ | पशु | ९ | ७ | ७७.७८ | |
| १४ | उद्यम | ८ | ६ | ७५ | |
| १५ | शिक्षा युवा तथा खेलकुद | ३३ | २८ | ८४.८५ | |
| १६ | स्वास्थ्य | ५९ | ५३ | ८८.८३ | |
| १७ | आयुर्वेद | ६ | ५ | ८३.३३ | |

| | | | | | |
|---|---|---|---|---|---|
| १८ | राजस्व संकलन | लक्ष्य रू | प्रगति | | |
| | | १९७१२७२ | २४९७३६६ | १२६.६८ | |
| १९ | वित्तीय प्रगति | ४३१११९०८४ | ३५४७२४७८२ | ८२.२८ | |
| | चालु | २१११५१६४२ | १८९४२४१३८ | ८९.७१ | |
| | पूँजिगत | १४०४६७४४२ | ९३९३०५७८ | ६६.८७ | |

## २.५. बैठक सम्बन्धी विवरण

| बैठक सभा संचालन | बैठक संख्या | निर्णय संख्या | कैफियत |
|---|---|---|---|
| गाउँसभा | २ | १० | |
| गाउँ कार्यपालिका बैठक | १५ | १२७ | |
| न्यायिक समिति | १२ | २२ | |
| भौतिक तथा पूर्वाधार विकास समिति | १२ | २५ | |
| सार्वजनिक सेवा तथा क्षमता विकास समित | ६ | ७ | |
| सामाजिक विकास समिति | २ | ५ | |
| विधायन समिति | १२ | १७ | |
| आर्थिक विकास समिति | १२ | १७ | |
| वातावरण तथा विपद व्यवस्थापन समिति | ४ | ६ | |
| पालिका स्तरीय स्थानीय विपद व्यवस्थापन समिति | १ | २ | |
| राजस्व परामर्श समिति | ७ | ११ | |
| अन्तरपालिका बैठक | १ | ५ | |
| निजिक्षेत्रसँगको बैठक | २ | ५ | |
| सामाजिक संघ संस्थाको बैठक | १ | ५ | |
| सहकारीसंस्थासँग बैठक | ३ | ३ | |
| कर्मचारी बैठक | ३ | ९ | |
| उर्जा विकास उपसमिति बैठक | १ | १ | |
| बार्षिक समिक्षा बैठक | १ | ५ | |

### २.६. आ. व. ०८०/८१ मा तर्जुमा भएका कानूनहरु

- योजना, अनुगमन, मूल्यांकन तथा फरफारक एवं भुक्तानी कार्यविधि, २०८०
- सिलीचोङ गाउँपालिकाको स्वास्थ्य वीमा कार्यक्रम संचालन कार्यविधि, २०८०
- सिलीचोङ गाउँपालिका बाल कल्याण कोष (स्थापना र संचालन) कार्यविधि, २०८०
- सिलीचोङ गाउँपालिकाको नागरिक सहायता कक्ष (स्थापना र संचालन) निर्देशिका, २०८०
- सिलीचोङ गाउँपालिकाको सार्वजनिक सेवा प्रवाहको मापदण्ड, २०८०
- सिलीचोङ गाउँपालिका दीगो विकास लक्ष्यहरू स्थानीयकरण सम्बन्धी नीति तथा कार्ययोजना, २०८०
- आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०८१
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०८१
- कन्टेन्जेन्सी रकम खर्च सम्बन्धी कार्यविधि, २०८१
- स्थानीय रोजगार रणनितिक योजना (२०८१।८२-०८५।८६)

### २.७. सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा

गाउँपालिका अन्तर्गत विभिन्न विषयगत शाखाहरूसँगको अन्तरक्रिया, वार्षिक प्रगति समीक्षा प्रतिवेदन र छलफलबाट प्राप्त सूचना अनुसार सामाजिक जिम्मेवारी कार्य सम्पादनको निम्नानुसार लेखाजोखा गरिएको छ ।

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत आ व २०८०/०८१ सम्मको अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|---|
| स्वास्थ्य | | | |
| स्वास्थ्य चौकी एक घण्टा भित्र पैदल वा यातायात पहुँच भएको घरधुरी संख्या | १००% | स्वास्थ्य स्वयम् सेविकाहरूले समस्या परेको समयमा तत्काल फोन मार्फत स्वास्थ्य प्रमुखसँग सम्पर्क गराईदिने वा आफैले बुझेर समस्याको समाधान गरीदिने, गाउँघर क्लिनिक, खोप केन्द्रहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने गरेको । | नगरिकहरूको स्वास्थ्य सेवा माथिको पहुँचमा बृद्धि भएको |
| ५ वर्ष मुनिका बालबालिकाको प्रतिशत | १००% | गाउँघर क्लिनिक, खोपकेन्द्र तथा स्वास्थ्य इकाईहरूबाट विभिन्न समयमा खोप कार्यक्रमको तालिका अनुसार खोप लगाउने कार्यक्रम सञ्चालन । | स्वास्थ्य स्वयम् सेविकाद्वारा सूचना प्रवाह गरी सम्पुर्ण वडाहरूका |



Generation Development Solution Pvt. Ltd. Estd. 2079

| | | | |
|---|---|---|---|
| | | | बालबालिकाहरूलाई खोप अभियानहरूमा समेटिएको |
| खोपमा पहुँच भएको जनसंख्या (एक वर्ष मुनीका बालबालिकाको आधारमा) | १००% | स्वास्थ्य स्वयमसेविकाहरूले सूचना प्रवाहलाई जनस्तरसम्म पुऱ्याउने गरेको | १०० % खोप प्राप्त भएको |
| ४ पटक गर्भवती जाँच गरिएका महिलाको संख्या (प्रतिशतमा) | ७६% | परम्परागत सोचलाई बदल्नलाई समुदाय सचेतना तथा सेवा सुबिधालाई जनस्तरसम्म पुऱ्याउनका लागि स्वयम् सेविकाहरूले कार्य गरीरहेको | जहाँ गएर भए पनि पूर्ण रूपमा ४ पटक गर्भवती जाँच गराउन बारम्बार प्रोत्साहन गर्ने गरेको, धेरै मात्रामा सचेत भै जचाउन आउने गरेको । |
| दक्ष प्रसुतिकर्मीबाट प्रसुती गरिएका महिलाको संख्या | ७३ जना (५५ %) | प्रसुति केन्द्रबाट दक्ष महिलाबाट प्रसुति गर्ने महिलाको संख्या बढेको । स्थानीय स्तरमा प्रसुति गराउन नसकिएको खण्डमा प्राथमिक स्वास्थ्य केन्द्रमा सिफारिस गर्ने गरेको । | परम्परागत रूपमा गरिने प्रसुतिलाई निरूत्साहित गर्न जनचेतना जगाउने कार्य स्वयम् सेविकाहरू बाट भएको र जहाँ गराए पनि दक्ष प्रसुतिकर्मी बाट सुत्केरी गराउनका लागि प्रेरित गर्ने गरेको, दक्ष प्रसुतिकर्मीबाट नै सुत्केरी गराउने गरेको, |
| झाडा पखालाबाट मृत्यु हुने बालबालिकाको संख्या | ० % | झाडा पखालाबाट संवन्धी जनचेतना अभिबृद्धी भएको | झाडा पखालाबाट मृत्यु हुने बालबालिकाको संख्या शुन्य रहेको |
| सब हेल्थपोष्ट वा | १००% | प्रत्येक घरधुरीमा कुनै न कुनै बेला स्वास्थ्य सेवाको सुबिधा प्राप्त गर्नका | सबै घरधुरीलाई स्वास्थ्यको कुनै न कुनै सेवा उपलब्धता |



Generation Development Solution Pvt. Ltd. 2079

| | | | |
|---|---|---|---|
| हेल्थपोष्टबाट सेवा लिने घरधुरी परिवार संख्या | | लागि स्वास्थ्य संस्थामा पुग्ने गरेको साथै सर्वसुलभताको लागि गाँउघर क्लिनिकहरू, खोप केन्द्रहरू तोकेर सहज सेवा प्रदान गर्ने गरेको | गराएको साथमा स्वास्थ्यको पहुँच बढाउन गाँउघर क्लिनिकहरू तथा खोप केन्द्रहरूलाइ प्रभावकारी सञ्चालनका लागि भौतिक पूर्वाधारको विकास पनि गरेको । |

| **शिक्षा** | | | |
|---|---|---|---|
| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **गतवर्षको तथ्याङ्क** | **प्रयासहरू** | **उपलब्धिहरू** |
| आधा घण्टा भित्र प्राथमिक विद्यालय नपुग्ने बालबालिकाको संख्या | ८०० | छात्रबास सुविधाका लागि सोच बनाएको | बालबालिकाहरूलाई विद्यालयको पहुँचमा ल्याउन सकिएको |
| पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर | ८९% | भर्ना अभियान सञ्चालन गरिएको | सामुदायिक विद्यालयहरूमा विद्यार्थीको आकर्षण बढेको र बाल विकास केन्द्रहरू सञ्चालनमा रहेका |
| प्राथमिक विद्यालयमा पहुँच नभएका सो उमेर समूहका बालबालिका संख्या वा | २% | पूर्व प्राथमिक विद्यालयमा भर्ना तथा समुदाय र शिक्षकहरूद्वारा समुदाय जागरणका कार्यक्रमहरू सञ्चालन | एवम् विद्यालय नछोड्नेका संख्यामा बढोत्तरी आएको । |

| | | | |
|---|---|---|---|
| प्रतिशत | | | |
| कक्षा १ मा खुद भर्नादर छात्रा/छात्र | छात्र – ९० जना<br>छात्रा – ९२ जना | – पूर्व प्राथमिक विद्यालयमा भर्नादर वृद्धिका लागि अभिभावक जागरण कार्यक्रम तथा त्यसबाट गाउँ गाउँमा विद्यालय भर्नादरमा वृद्धि आएको । | सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण बढेको |
| प्राथमिक तहमा कक्षा छोडने कक्षा दोहोर्‍याउने र कक्षा उत्तिर्ण हुने दर | – छाडने दर ३%<br>– दोहोर्‍याउने दर ५%<br>– उत्तिर्ण हुने दर ७५% | – पूर्व प्राथमिक विद्यालयमा भर्ना तथा त्यसबाट उपलब्धी, गाउँ गाउँमा विद्यालय भर्ना अभियान<br>– अभिभावक सचेतना कार्यक्रम सञ्चालन | – भर्ना दरमा सुधार तथा विद्यालय नछोड्नेका संख्यामा बढोत्तरी आएको ।<br>– कक्षा दोहोर्‍याउने संख्यामा कमि भएको |
| प्राथमिक तहमा तालिम प्राप्त शिक्षक संख्या | ९८ प्रतिशत | सरकारी विद्यालयमा तालिम प्रदान गर्ने गरेका, विद्यालयहरूमा कम्प्युटर डेस्क तथा इन्टरनेट उपलब्ध | सरकारी विद्यालयका शिक्षकहरूले तालिम लिएका । विद्यालयहरू अभिलेखीकरण तथा संचार प्रबिधिमा अग्रसर भएको । |
| प्रति कक्षा कोठा विद्यार्थी संख्या | २० जना | रेकर्ड राख्नका लागि सुझाव प्रदान गरीएको | रेकर्ड राख्नका लागि शाखा प्रतिबद्ध हुनु |
| बाहिरी सहयोगमा निर्मित विद्यालय कोठा संख्या | १५ | विद्यालयको पूर्वाधार निर्माण को अवस्थालाई अद्यावधिक राखिएको | विस्तृत विवरण सहितको अभिलेखीकरण गरिने । |
| स्थानीय तहबाट निर्मित विद्यालय कोठा संख्या | ० | पूर्वाधारहरु निर्माण भइरहेको । | नयाँ भवनहरूको निर्माण पश्चात् सूचना अध्यावधिक गरेर राखिने । |
| दलित बालबालिकाको शिक्षामा पहुँच | ८०% | दलित विद्यार्थीलाई भर्ना गर्नका लागि प्रोत्साहन तथा सरकारद्वारा प्रदान गरिने सुबिधा बारेमा सम्बन्धित अभिभावकलाई सूचना प्रदान गर्ने गरेको । | दलित बालबालिकाको शिक्षामा पहुँच बढ्दो भएको र सेवा सुविधाका कारण सरकारी विद्यालयमा भर्ना हुने गरेको । |
| **खानेपानी तथा सरसफाई** | | | |
| **सामाजिक जिम्मेवारीको** | **गत** | **प्रयासहरू** | **उपलब्धिहरू** |

Generation Development Solution Pvt. Ltd. Estd: 2079

| क्षेत्र | वर्षको तथ्याङ्क | | |
|---|---|---|---|
| स्वच्छ पानी पुगेको परिवार संख्या वा प्रतिशत | ९८% | प्राकृतिक मुहानबाट पाइपको माध्यमबाट खानेपानी खानेपानीको व्यवस्था गरेको | शुद्ध पानीको पहुँचका कारण पानीको कारण लाग्ने रोगहरूका कमी आएको |
| शौचालय भएको संख्या वा प्रतिशत | १००% | खुल्ला दिशामुक्त क्षेत्र घोषणा भएको | एक घर एक शौचालय भएको । |
| खानेपानी सुविधा भएको प्राथमिक विद्यालय | १०० % | विद्यालयहरूको खानेपानीको लागि व्यवस्था भएको | पिउने पानीको सुविधा भएको । |
| सुधारिएको चुलो भएको परिवार संख्या | ६५% | वातावरण संरक्षण तथा सुधारिएको चुलोको बारेमा सचेतना कार्यक्रम गरी समुदायलाई सुधारिएको चुल्हो बनाउन प्रोत्साहन गरेको | भान्सामा धुँवारहित चुलोको अवधारणामा विकास भएको र सुधारिएको चुल्हो निर्माण भएको । |

| **बालबालिका, महिला तथा समाबेशी क्षेत्र** | | | |
|---|---|---|---|
| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **गतवर्षको तथ्याङ्क** | **प्रयासहरू** | **उपलब्धिहरू** |
| बाल बिबाहको संख्या | ० | गाउँबासी सचेत रहेको, विद्यालय तथा बालबिवाह बिरूद्धको सचेतना कार्यक्रमहरू सञ्चालन गरेको । | बालविवाह कानुन विपरित रहेको कुरा जानकारी भएको र अभिभावकरूबाट बालबिवाह गर्ने चलन हटेको । |
| सामाजिक सुरक्षा (जेष्ठ नागरिक, एकल महिला, अपाङ्ग, पिछडिएको क्षेत्र तथा लोपोन्मुख जाती) | १३०० जना ले सामाजिक सुरक्षा भत्ता प्राप्त गरेको | प्रत्येक वर्ष सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीहरूको विवरण अध्यावधिक गरिएका | सामाजिक सुरक्षा भत्ता वितरण पारदर्शी रूपमा गरीएको र सामाजिक सुरक्षा भत्ता सबैले प्राप्त गरेको । |

| **जनचेतना तथा गरिवी निवारण** | | | |
|---|---|---|---|
| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **गतवर्षको तथ्याङ्क** | **प्रयासहरू** | **उपलब्धिहरू** |



Generation Development Solution Pvt. Ltd.
Estd: 2079

| | | | |
|---|---|---|---|
| महिला हिंसा | छैन | महिलाहरूको हितमा योजनाहरू छुट्याएको, महिला हिंसा तथा महिला अधिकारका विषयमा सचेतना कार्यक्रमहरु सञ्चालन भएका । | महिला हिंसामा कमि आएको साथमा विभिन्न स्थानमा महिलाहरूको सहभागितामा वृद्धि भएको |
| रोजगारीको अवस्था | ६५ प्रतिशत | प्रधानमन्त्री स्वरोजगार कार्यक्रमको निरन्तरता, कृषि तथा पशु विकासमा समुदायलाई सक्षम बनाउन विभिन्न योजना तर्जुमा भएको | समुदायले कृषि र पशुपालनलाई जीवनयापनको स्रोतको रूपमा विकास गरेको |
| स्वरोजगारका प्रयासहरू | कृषि ब्यवशायलाई ब्यवस्थित र रोजगारमूलक बनाउन प्रयास भएको | कृषि क्षेत्रलाई बजेट तर्जुमामा प्राथामिकताका साथ विनियोजन गरेको | कृषि तथा पशुपालन लाई विशेष जोड दिएको तथा पकेट क्षेत्रहरु विकास विकास गरेको । |
| गरिबी निवारणका प्रयासहरू | सिप विकासका तालिम तथा दक्षता विकासका लागि योजना तर्जुमा तथा कार्यान्वयन भएको | प्राप्त सिप तथा दक्षतालाई ब्यवहारमा उतारेर आयआर्जनको क्षेत्रमा अग्रसर भएको | सीप र प्रविधीको प्रयोगबाट लाभ लिएको । |
| वातावरण सुधारका प्रयासहरू | बजार क्षेत्रमा संकलन भएको फोहोलाई अन्यत्र बिसर्जन गर्न डस्टवीन वितरण गरेको । | सरसफाई सम्बन्धी समुदायलाई सचेतना गराएको, बनजंगल र वन्यजन्तु संरक्षणका लागि समुदायलाई जागरूक वनाएको । | बजार क्षेत्रमा सरसफाई भएको, बाहिर दिशा पिसाब गर्नमा रोक लागेकोले वातावरण दुर्गन्धित नभएको |
| एच. आइ.भि.र एड्स | यस्तो बिशेषताका बिरामीहरू यस गा.पा.मा नरहेको | स्वास्थ्य सम्बन्धी विभिन्न जनचेतनामुलक कार्यक्रमहरूको सञ्चालन, | एच. आइ.भि.र एड्स सम्बन्धि बिरामी नभएको |

| विकासमा समान सहभागिता सेवाहरूमा पहुँच | | | |
|---|---|---|---|
| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको तथ्याङ्क | प्रयासहरू | उपलब्धिहरू |
| स्थानीय बजारमा पुग्न लाग्ने समय | २ घण्टा | ठाउँ ठाउँमा स्थानीय बजारको ब्यवस्था भएको | ब्यवस्थित बजार नभए तापनि पनि सोही बजारमार्फत समुदायमा सर्वसुलभ तरिकाले सामाग्री उपलब्ध हुने गरेको । |

Generation Development Solution Pvt. Ltd. Estd. 2079

| | | | |
|---|---|---|---|
| कृषि सेवा केन्द्र जान लाग्ने समय | ३ घण्टा | कृषि शाखा गा.पा.मा अवस्थित रहेकोले सबै वडाबाट पुग्नलाई लगभगमा पनि ३ घण्टा लाग्ने | कृषि सेवा शाखाका प्राबिधिकले वडाहरूमा गएर सेवा दिने गरेको, पशु तथा कृषिका औंषधीहरू निशुल्क बितरण गरेको । |
| भौगोलिक क्षेत्र, महिला, पिछडिएका तथा सिमान्तकृत वर्गको संख्या, निजहरूले पाएको सेवा तथा दिइएको विशेष अवसरहरू | तालिम, सीपमूलक कार्यक्रम, सामाजिक सुरक्षा भत्ता निरन्तर रूपमा प्रदान गरिरहेको | सामाजिक सुरक्षा भत्ता निरन्तरता दिएको, सामाजिक समावेशीकरणको मान्यता अनुरुप लक्षित समूहलाई प्राथमिकता दिने गरिएको | नयाँ सामाजिक सुरक्षा भत्ता पाउनेको सूचना अध्यावधिक तथा सुलभ तरिकाले भत्ता सम्बन्धित व्यक्तिसम्म पुर्‍याउन काम गरेको । |

| संस्थागत क्षमता | | | |
|---|---|---|---|
| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **गतवर्षको तथ्याङ्क** | **प्रयासहरू** | **उपलब्धिहरू** |
| जनशक्ति | गा.पा.मा र वडामा कार्यरत कर्मचारीको संख्या र संस्थागत विकासमा कमी नै रहेको | नागरिकको काम छिटो छरितो गर्ने गरेको, कार्यालय तथा कर्मचारी ब्यवस्थापनमा विशेष पहल गरेको । | भएको जनशक्तिले सकेको काम गरेको र समुदायमा सेवा प्रवाहका लागि कर्मचारीहरू जागरूकताका साथ काम गर्ने गरेको । |
| नीति तथा कार्यक्रम | बार्षिक रुपमा नीति कार्यक्रम र आवश्यत्तानुसार नीति निर्माण भएको | समयानुकुल नीति नियम, ऐन र कानूनहरु निर्माण गर्ने गरेको | कानूनद्वारा निर्देशित भएर कार्य गर्दा सुशासन प्रवर्द्धन भएको । |
| भौतिक ब्यवस्था | गा.पा. तथा वडाहरूको भौतिक संरचना सामान्य रहेको | भौतिक संरचनाका साथमा अन्य सेवा सुविधाका लागि कार्य गर्ने नीति तथा बजेटको विनियोजन | शौचालय, खानेपानी धाराको ब्यवस्था, नागरीक बडा पत्र, सूचना पेटिका, सूचना पाटिको ब्यवस्थापन भएको । |
| समन्वय र सहकार्यका प्रयासहरू | गा.पा. तथा वडाहरूले आन्तरिक तथा बाह्य निकायहरूसँग समन्वय र सहकार्य गरी कार्य गरेको | समन्वय र सहकार्यलाई चुस्त दुरूस्त रूपमा सञ्चालन गर्ने नीति रहेको | संघीय तथा प्रादेशिक तहबाट विकासका विभिन्न आयोजनाहरू सञ्चालन गर्न सफल भएको । |
| अन्य सामाजिक सम्पादनका | गा.पा.को आबधिक योजना निर्माण | गाउँपालिकामा अवस्थित विभिन्न संघ संस्थाहरूलाई | समन्वयात्मक तवरले समुदाय विकासका |

| | | | |
|---|---|---|---|
| क्षेत्रहरू | | सामाजिक दायित्व वहनमा जिम्मेवार बनाउन समन्वयनात्मक भूमिका निर्वाह गरेको । | कार्यक्रमहरू सञ्चालन भएका । |

## २.८ सिलीचोङ गाउँपालिकाको स्वीकृत दरवन्दी र पदपूर्तिको अवस्था

क. स्विकृत दरबन्दी तेरिज तथा पदपुर्तिको अवस्था

| सि.नं. | पदको नाम | श्रेणी, तह | सेवा | समुह | उप समुह | स्विकृत दरबन्दी | पद पुर्तीको अवस्था | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | स्थायी | करार | रिक्त |
| १ | प्रमुख प्रशासकीय अधिकृत | रा.प. तृतिय | नेपाल प्रशासन | सामान्य प्रशासन | ० | १ | ० | ० | १ |
| २ | अधिकृत | सातौं / आठौं | नेपाल प्रशासन / लेखा | लेखा | ० | १ | ० | ० | १ |
| ३ | ईन्जिनियर | सातौं / आठौं | नेपाल ईन्जिनियर सेवा | सिभिल ईन्जिनियरिङ | ० | १ | ० | १ | ० |
| ४ | अधिकृत | सातौं / आठौं | नेपाल शिक्षा सेवा | जनरल शिक्षा सेवा (शिक्षा प्रशासन) | ० | १ | ० | ० | १ |
| ५ | अधिकृत | सातौं / आठौं | नेपाल प्रशासन सेवा | सामान्य प्रशासन सेवा | ० | २ | ० | ० | २ |
| ६ | अधिकृत | सातौं / आठौं | नेपाल स्वास्थ्य सेवा | हेल्थ ईन्सपेक्सन | ० | १ | १ | ० | ० |
| ७ | अधिकृत | सातौं / आठौं | नेपाल स्वास्थ्य सेवा | कम्युनिटी नर्सिङ/ पब्लिक हेल्थ नर्सिङ / जनरल नर्सिङ | ० | १ | ० | १ | ० |
| ८ | सहायक | पाँचौ तह | नेपाल प्रशासन | सामान्य प्रशासन समुह | ० | ६ | २ | ० | ४ |



Generation Development Solution Pvt. Ltd. Estd: 2079

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | आन्तरिक लेखापरीक्षक | पाँचौ तह | नेपाल प्रशासन | लेखा | ० | १ | ० | ० | १ |
| १० | कम्प्युटर अपरेटर | पाँचौ तह | नेपाल बिबिध सेवा | | ० | १ | ० | १ | ० |
| ११ | सहायक लेखापाल | पाँचौ तह | नेपाल प्रशासन | लेखा | ० | १ | १ | ० | ० |
| १२ | सव ईन्जिनियर | पाँचौ तह | नेपाल ईन्जिनियर सेवा | सिभिल ईन्जिनियरिङ | ० | ३ | १ | २ | ० |
| १३ | प्राबिधक सहायक | पाँचौ तह | नेपाल शिक्षा | जनरल शिक्षा (शिक्षा प्रशासन) | ० | १ | १ | ० | ० |
| १४ | खा.पा.स.टे. | चौथो/पाचौं | नेपाल ईन्जिनियर सेवा | सिभिल ईन्जिनियरिङ/स्यानिटरी | ० | १ | १ | ० | ० |
| १५ | अ.सव ईन्जिनियर | चौथो तह | नेपाल ईन्जिनियर सेवा | सिभिल ईन्जिनियरिङ | ० | ४ | ० | ३ | १ |
| १६ | सहायक | चौथो तह | नेपाल प्रशासन | सामान्य प्रशासन समुह | ० | ३ | २ | ० | १ |
| १७ | सहायक महिला बिकास निरीक्षक | चौथो तह | नेपाल बिबिध सेवा | | ० | १ | ० | ० | १ |
| | | | | | ० | ३० | ९ | ८ | १३ |

पशु सेवा शाखा

| सि.नं. | पदको नाम | श्रेणी, तह | सेवा | समुह | उप समुह | स्विकृत दरबन्दी | पद पुर्तीको अवस्था | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | स्थायी | करार | रिक्त |

Generation Development Solution Pvt. Ltd. Estd. 2079

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | अधिकृत | सातौं / आठौं | नेपाल कृषि सेवा | लाईभष्टक, पोल्ट्री, एण्ड डेरी डेभलपमेन्ट | ० | १ | १ | ० | ० |
| २ | पशु सेवा प्राबिधिक | पाचौं तह | नेपाल कृषि सेवा | लाईभष्टक, पोल्ट्री, एण्ड डेरी डेभलपमेन्ट | ० | १ | ० | १ | ० |
| ३ | पशु स्वास्थ्य प्राबिधिक | पाचौं तह | नेपाल कृषि सेवा | भेटेरीनरी | ० | १ | १ | ० | ० |
| ४ | नायव पशु सेवा प्राविधिक | चौथो तह | नेपाल कृषि सेवा | लाईभष्टक, पोल्ट्री, एण्ड डेरी डेभलपमेन्ट | ० | १ | १ | ० | ० |
| ५ | नायव पशु स्वास्थ्य प्राबिधिक | चौथो तह | नेपाल कृषि सेवा | भेटेरीनरी | ० | १ | ० | १ | ० |
| जम्मा | | | | | ० | ५ | ३ | २ | |

कृषि सेवा शाखा

| सि.नं. | पदको नाम | श्रेणी, तह | सेवा | समुह | उप समुह | स्विकृत दरबन्दी | पद पुर्तीको अवस्था | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | स्थायी | करार | रिक्त | |
| १ | अधिकृत | सातौ / आठौं | नेपाल कृषि सेवा | कृषि प्रसार | ० | १ | ० | ० | १ | |
| २ | प्राबिधिक सहायक | पाचौं तह | नेपाल कृषि सेवा | बाली संरक्षण | ० | २ | २ | ० | ० | |
| ३ | नायव प्राबिधिक | चौथो तह | नेपाल कृषि | कृषि प्रसार | ० | १ | ० | ० | १ | |



Generation Development Solution Pvt. Ltd. Estd. 2079

| सि.नं. | पदको नाम | श्रेणी, तह | सेवा | समुह | उप समुह | स्विकृत दरबन्दी | पद पुर्तीको अवस्था | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | स्थायी | करार | रिक्त | |
| | सहाय | | सेवा | | | | | | | |
| जम्मा | | | | | ० | ४ | २ | ० | २ | |

सिसुवाखोला स्वास्थ्य चौकी

| सि.नं. | पदको नाम | श्रेणी, तह | सेवा | समुह | उप समुह | स्विकृत दरबन्दी | पद पुर्तीको अवस्था | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | स्थायी | करार | रिक्त |
| १ | अधिकृत | छैटौ तह | नेपाल स्वास्थ्य सेवा | हेल्थ ईन्सपेक्सन | ० | १ | १ | ० | ० |
| २ | सहायक | पाचौ | नेपाल स्वास्थ्य सेवा | हेल्थ ईन्सपेक्सन | ० | १ | १ | ० | ० |
| ३ | सहायक | पाचौ तह | नेपाल स्वास्थ्य सेवा | कम्युनिटी नर्सिङ/पब्लिक हेल्थ नर्सिङ (प.हे.न.) | ० | १ | १ | ० | ० |
| ४ | सहायक | चौथो तह | नेपाल स्वास्थ्य सेवा | कम्युनिटी नर्सिङ/पब्लिक हेल्थ नर्सिङ (प.हे.न.) | ० | १ | १ | ० | ० |
| ५ | सहायक | चौथो तह | नेपाल स्वास्थ्य सेवा | हेल्थ ईन्सपेक्सन | ० | १ | १ | ० | ० |
| जम्मा | | | | | ० | ५ | ५ | ० | ० |

बाला स्वास्थ्य चौकी

| सि.नं. | पदको नाम | श्रेणी, तह | सेवा | समुह | उप समुह | स्विकृत दरबन्दी | पद पुर्तीको अवस्था | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | स्थायी | करार | रिक्त |
| १ | अधिकृत | छैटौ तह | नेपाल स्वास्थ्य सेवा | हेल्थ ईन्सपेक्सन | ० | १ | १ | ० | ० |
| २ | सहायक | पाचौ | नेपाल स्वास्थ्य सेवा | हेल्थ ईन्सपेक्सन | ० | १ | १ | ० | ० |
| ३ | सहायक | पाचौ तह | नेपाल स्वास्थ्य सेवा | कम्युनिटी नर्सिङ/पब्लिक हेल्थ नर्सिङ (प.हे.न.) | ० | १ | ० | ० | १ |
| ४ | सहायक | चौथो तह | नेपाल स्वास्थ्य सेवा | हेल्थईन्सपेक्सन | ० | १ | १ | ० | ० |
| ५ | सहायक | चौथो तह | नेपाल स्वास्थ्य सेवा | कम्युनिटी नर्सिङ/पब्लिक हेल्थ नर्सिङ (प.हे.न.) | ० | १ | ० | १ | ० |
| जम्मा | | | | | ० | ५ | ३ | १ | १ |

माङ्तेवा स्वास्थ्य चौकी

| सि.नं. | पदको नाम | श्रेणी, तह | सेवा | समुह | उप समुह | स्वीकृत दरबन्दी | पद पुर्तीको अवस्था | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | स्थायी | करार | रिक्त |
| १ | अधिकृत | छैटौ तह | नेपाल स्वास्थ्य सेवा | हेल्थ ईन्सपेक्सन | ० | १ | १ | ० | ० |
| २ | सहायक | पाचौ | नेपाल स्वास्थ्य सेवा | हेल्थ ईन्सपेक्सन | ० | १ | १ | ० | ० |

Generation Development Solution Pvt. Ltd. Estd. 2079

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | सहायक | पाचौ तह | नेपाल स्वास्थ्य सेवा | कम्युनिटी नर्सिङ/पब्लिक हेल्थ नर्सिङ (प.हे.न.) | ० | १ | १ | ० | ० |
| ४ | सहायक | चौथो तह | नेपाल स्वास्थ्य सेवा | हेल्थईन्सपेक्सन | ० | १ | ० | १ | ० |
| ५ | सहायक | चौथो तह | नेपाल स्वास्थ्य सेवा | कम्युनिटी नर्सिङ/पब्लिक हेल्थ नर्सिङ (प.हे.न.) | ० | १ | ० | १ | ० |
| जम्मा | | | | | ० | ५ | ३ | २ | ० |

याफु स्वास्थ्य चौकी

| सि.नं. | पदको नाम | श्रेणी, तह | सेवा | समुह | उप समुह | साबिक पद | स्विकृत दरबन्दी | पद पुर्तीको अवस्था | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | स्थायी | करार | रिक्त |
| १ | अधिकृत | छैटौ तह | नेपाल स्वास्थ्य सेवा | हेल्थ ईन्सपेक्सन | ० | १ | १ | ० | ० | १ |
| २ | अधिकृत | छैटौं | नेपाल स्वास्थ्य सेवा | कम्युनिटी नर्सिङ/पब्लिक हेल्थ नर्सिङ (प.हे.न.) | ० | १ | १ | ० | ० | १ |
| ३ | सहायक | पाचौ तह | नेपाल स्वास्थ्य सेवा | हेल्थईन्सपेक्सन | ० | १ | १ | ० | ० | १ |
| ४ | सहायक | चौथो तह | नेपाल स्वास्थ्य सेवा | कम्युनिटी नर्सिङ/पब्लिक हेल्थ नर्सिङ (प.हे.न.) | ० | १ | १ | ० | १ | ० |
| ५ | सहायक | चौथो तह | नेपाल स्वास्थ्य सेवा | हेल्थ ईन्सपेक्सन | ० | १ | १ | ० | १ | ० |
| जम्मा | | | | | ० | ५ | ५ | ० | २ | ३ |

तामकु प्राथमिक स्वास्थ्य केन्द्र

| सि.नं. | पदको नाम | श्रेणी, तह | सेवा | समुह | उप समुह | स्विकृत दरबन्दी | पद पुर्तीको अवस्था | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | स्थायी | करार | रिक्त |
| १ | मेडिकल अफिसर | आठौं तह | नेपाल स्वास्थ्य सेवा | जनरल हेल्थ सर्भिस | ० | १ | ० | १ | ० |
| २ | स्टाफ नर्स। अस्पताल नर्सिङ निरिक्षक वरिष्ठ अस्पताल निरिक्षक | पाचौ, छैटौ, सातौ तह | नेपाल स्वास्थ्य सेवा | ज.नर्सिङ | ० | १ | ० | १ | ० |
| ३ | हे.अ. । सि. अ.हे.ब. | पाचौ, छैटौ, सातौ तह | नेपाल स्वास्थ्य सेवा | हे.ई. | ० | १ | १ | ० | ० |
| ४ | ल्याव असिष्टेन्ट ।बरिष्ठ ल्याव असिष्टेन्ट । ल्याव असिष्टेन्ट निरीक्षक | चार, पाँच,छ तह | नेपाल स्वास्थ्य सेवा | मे.ल्या.टे. | ज. मे. ल्याटे | १ | १ | ० | ० |
| ५ | अ.न.मी. । सि.अ.न.मी. । सि.अ.न.मी. निरीक्षक | चार, पाँच,छ तह | नेपाल स्वास्थ्य सेवा | क.न., प.हे.न. | ० | ३ | १ | १ | १ |
| ६ | अ.हे.व. । सि.अ.हे.व. | चार, पाँच,छ तह | नेपाल स्वास्थ्य सेवा | हे.ई. | ० | ३ | १ | २ | |
| जम्मा | | | | | ० | १० | ४ | ५ | १ |

बाला आयुर्बेद औषधालय

| सि.नं. | पदको नाम | श्रेणी, तह | सेवा | समुह | उप समुह | स्विकृत दरबन्दी | पद पुर्तीको अवस्था | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | स्थायी | करार | रिक्त |
| १ | कविराज | पाचौ तह | नेपाल स्वास्थ्य | आयुर्बेद | | १ | ० | ० | १ |
| २ | बैद्य | चौथो | नेपाल स्वास्थ्य | आयुर्बेद | | १ | ० | ० | १ |
| ३ | कार्यालय सहयोगी | श्रेणी विहिन | नेपाल प्रशासन | सामान्य प्रशासन | | १ | ० | १ | ० |
| जम्मा | | | | | | ३ | ० | १ | २ |

(ख) गाउँपालिका अनुदान मार्फत

| सि.नं. | पदको नाम | श्रेणी, तह | सेवा | समुह | उप समुह | सिर्जना गरिएको दरबन्दी | पद पुर्तीको अवस्था | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | स्थायी | करार | रिक्त |
| १ | सहायक | चौथो तह | नेपाल स्वास्थ्य सेवा | कम्युनिटी नर्सिङ/पब्लिक हेल्थ नर्सिङ (प.हे.न.) | ० | १ | ० | १ | ० |
| २ | सहायक | चौथो तह | नेपाल स्वास्थ्य सेवा | कम्युनिटी नर्सिङ/पब्लिक हेल्थ नर्सिङ (प.हे.न.) | ० | १ | ० | १ | ० |
| ३ | सहायक | चौथो तह | नेपाल स्वास्थ्य सेवा | कम्युनिटी नर्सिङ/पब्लिक हेल्थ नर्सिङ (प.हे.न.) | ० | १ | ० | १ | ० |
| ४ | अप्थाल्मिक असिष्टेन्ट | सहायक पाचौं | नेपाल स्वास्थ्य सेवा | अप्थाल्मिक असिष्टेन्ट | ० | १ | ० | १ | ० |
| ५ | सहायक | चौथो | नेपाल स्वास्थ्य | डार्क रुम असिष्टेन्ट | ० | १ | ० | १ | ० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | तह | सेवा | | | | | | |
| जम्मा | | | | | ० | ५ | ० | ५ | ० |

सामुदायिक स्वास्थ्य ईकाई

| सि.नं. | पदको नाम | श्रेणी, तह | सेवा | समुह | उप समुह | सिर्जना गरिए दरबन्दी | पद पुर्तीको अवस्था | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | स्थायी | करार | रिक्त |
| १ | सहायक | चौथो तह | नेपाल स्वास्थ्य सेवा | कम्युनिटी नर्सिङ/पब्लिक हेल्थ नर्सिङ (प.हे.न.) | ० | ३ | ० | ३ | ० |
| २ | सहायक | चौथो तह | नेपाल स्वास्थ्य सेवा | हेल्थ ईन्सपेक्सन | ० | ६ | ० | ६ | ० |
| जम्मा | | | | | | ९ | ० | ९ | ० |

ईलेक्ट्रीसियन

| सि.नं. | पदको नाम | श्रेणी, तह | सेवा | समुह | उप समुह | सिर्जना गरिए दरबन्दी | पद पुर्तीको अवस्था | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | स्थायी | करार | रिक्त | |
| १ | ईलेक्ट्रीसियन | सहायक चौथो | बिबिध | प्रशासन | ० | १ | ० | १ | ० | गाउँपालिकाबाट |
| जम्मा | | | | | ० | १ | ० | १ | ० | |

कार्यालय सहयोगी

| सि.नं. | पदको नाम | श्रेणी, तह | सेवा | समुह | उप समुह | सिर्जना गरिएको दरबन्दी | पद पुर्तीको अवस्था | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | स्थायी | करार | रिक्त | |
| १ | कार्यालय सहयोगी | श्रेणी बिहिन | नेपाल प्रशासन | प्रशासन | ० | १८ | ० | १८ | ० | गाउँपालिकाबाट बिभिन्न वडा स्वास्थ्य चौकी तथा पालिकाको लागि |
| जम्मा | | | | | ० | १८ | ० | १८ | | |

Generation Development Solution Pvt. Ltd. Estd. 2079

(ग) बिभिन्न कार्यक्रम अन्तर्गत

प्रधानमन्त्री रोजगार शाखा

| सि.नं. | पदको नाम | श्रेणी, तह | सेवा | समुह | उप समुह | प्राप्त दरबन्दी | पद पुर्तीको अवस्था | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | स्थायी | करार | रिक्त |
| १ | रोजगार सयोजक | अधिकृतस्तर छैटौ | स्थानीय प्रशासन | प्रशासन | ० | ० | ० | १ | ० |
| २ | सहायक रोजगार सयोजक | सहायक स्तर पाचौं | स्थानीय प्रशासन | प्रशासन | ० | ० | ० | १ | ० |
| ३ | प्राबिधक सहायक | सहायक स्तर पाचौं | स्थानीय ईन्जिनियरिङ | सिभिल | ० | ० | ० | १ | ० |
| जम्मा | | | | | ० | ० | ० | ३ | ० |

सामाजिक सुरक्षा तथा पन्जिकरण शाखा

| सि.नं. | पदको नाम | श्रेणी, तह | सेवा | समुह | उप समुह | स्विकृत दरबन्दी | पद पुर्तीको अवस्था | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | स्थायी | करार | रिक्त | |
| १ | एम आई एस अपरेटर | सहायकस्तर पाचौ | स्थानीय प्रशासन | प्रशासन | ० | १ | ० | १ | ० | |
| २ | फिल्ड सहायक | सहायक स्तर चौथो | स्थानीय प्रशासन | प्रशासन | ० | १ | ० | १ | ० | |
| जम्मा | | | | | ० | २ | ० | २ | ० | |

उद्यम बिकास शाखा

| सि.नं. | पदको नाम | श्रेणी, तह | सेवा | समुह | उप समुह | स्विकृत दरबन्दी | पद पुर्तीको अवस्था | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | स्थायी | करार | रिक्त | |
| १ | उद्यम बिकास सहज कर्ता | सहायकस्तर चौथो | स्थानीय प्रशासन | प्रशासन | ० | २ | ० | १ | १ | |
| जम्मा | | | | | ० | २ | ० | १ | १ | |

कृषि बिकास शाखा

| सि.नं. | पदको नाम | श्रेणी, तह | सेवा | समुह | उप समुह | स्विकृत दरबन्दी | पद पुर्तीको अवस्था | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | स्थायी | करार | रिक्त | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | कृषि स्नातक | अधिकृत छैटौं | स्थानीय कृषि | ० | ० | १ | ० | १ | ० | |
| २ | एक गाउँ एक प्राबिधिक | सहायक स्तर चौथो | स्थानीय कृषि | ० | ० | ४ | ० | ४ | ० | |
| जम्मा | | | | | ० | ५ | ० | ५ | ० | |

पशु सेवा तर्फ

| सि.नं. | पदको नाम | श्रेणी, तह | सेवा | समुह | उप समुह | स्विकृत दरबन्दी | पद पुर्तीको अवस्था | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | स्थायी | करार | रिक्त | |
| १ | एक गाउँ एक प्राबिधिक | चौथो तह | नेपाल कृषि सेवा | भेटेरीनरी | ० | १ | ० | १ | ० | |
| जम्मा | | | | | ० | १ | ० | १ | ० | |

सवारी चालक

| सि.नं. | पदको नाम | श्रेणी, तह | सेवा | समुह | उप समुह | स्विकृत दरबन्दी | पद पुर्तीको अवस्था | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | स्थायी | करार | रिक्त | |
| १ | हेभी सवारी चालक | ० | ० | ० | ० | १ | ० | १ | ० | |
| २ | हल्का सवारी चालक | ० | ० | ० | ० | १ | ० | १ | ० | |
| जम्मा | | | | | | २ | ० | २ | ० | |

सडक तथा टावर हेरालु

| सि.नं. | पदको नाम | श्रेणी, तह | सेवा | समुह | उप समुह | स्विकृत दरबन्दी | पद पुर्तीको अवस्था | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | स्थायी | करार | रिक्त | |
| १ | सडक हेरालु | | | | ० | ५ | ० | ३ | २ | |
| २ | टावर हेरालु | | | | ० | १ | ० | १ | ० | |
| जम्मा | | | | | | ६ | ० | ४ | २ | |

समुदायमा आधारित सहज कर्ता तथा अपांगता सहायता सहज कर्ता

| सि.नं. | पदको नाम | श्रेणी, | सेवा | समुह | उप | सिर्जना | पद पुर्तीको अवस्था | |
|---|---|---|---|---|---|---|---|---|

| | | तह | | | समुह | गरिएको दरबन्दी | स्थायी | करार | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | समुदायमा आधारित सहज कर्ता | चौथो | | | ० | २ | ० | २ | ० | |
